# सन्दकपुर गाउँपालिका
## स्थानीय राजपत्र
### सन्दकपुर गाउँपालिका,

सन्दकपुर गाउँपालिका गाउँ सभावाट पारित उल्लेखित **"संस्थाको अभिलेख व्यवस्थापन ऐन,२०७६"** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सन्दकपुर गाउँपालिका
# इलाम

**गाउँ सभाबाट स्वीकृत मिति : २०७६।३।१६**
**प्रमाणीकरण मिति : २०७६।३।१७**

## संस्थाको अभिलेख व्यवस्थापन ऐन,२०७६

प्रस्तावना : सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, खेलकुद, आर्थिक, वातावरणीय, व्यावसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा अभिलेख अद्यावधिक गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८(१३) को प्रयोजनको लागि "सन्दकपुर गाउँपालिका, संस्थाको अभिलेख व्यवस्थापन ऐन, २०७६" सन्दकपुर गाउँपालिकाले जारी गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यस ऐनको नाम "सन्दकपुर गाउँपालिका, संस्थाको अभिलेख व्यवस्थापन ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन सन्दकपुर गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।
(३) यो ऐन सन्दकपुर गाउँपालिका क्षेत्र भर लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"अधिकारी"** भन्नाले यस ऐन बमोजिम संस्थाको अभिलेख व्यवस्थित गर्ने अधिकारी सम्झनुपर्छ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले सन्दकपुर गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ग) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले सन्दकपुर गाउँपालिका सम्झनुपर्छ ।

(च) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) **"प्रबन्ध समिति"** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति वा सञ्चालक समिति वा कार्य समिति सम्झनुपर्छ ।

(ज) **"अध्यक्ष"** भन्नाले सन्दकपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सन्दकपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) **"मन्त्रालय"** भन्नाले स्थानीय तहहरुले सङ्घीय सरकार वा प्रदेश सरकार समक्ष सम्पर्क गर्न तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

(ट) **"वडा अध्यक्ष"** भन्नाले सन्दकपुर गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) **"वडा समिति"** भन्नाले सन्दकपुर गाउँपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।

(ड) **"सदस्य"** भन्नाले सन्दकपुर गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउछ ।

(ढ) **"सभा"** भन्नाले सन्दकपुर गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ण) **"स्थानीय प्रशासन"** भन्नाले जिल्ला प्रशासन कार्यालय सम्झनुपर्छ ।

(त) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, खेलकुद, शारीरिक, आर्थिक, वातावरणीय, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने जुनसुकै उद्देश्यले स्थापना भएको संघ, संस्था, समूह, समिति, क्लब, मण्डल, मठमन्दिर, चर्च, गुम्बा, चैत्य लगायत परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

३. **संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत अभिलेख कायम भएका प्रत्येक संस्था गाउँपालिकामा अभिलेखीकरण भएको मानिने छ ।
(२) प्रचलित संघसंस्था दर्ता ऐन बमोजिम दर्ता भएका संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न र व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

## परिच्छेद-२
## अभिलेखीकरण

४. अभिलेखीकरण गर्नुपर्ने : (१) यस ऐन बमोजिम संस्था अभिलेखीकरण नगरी संस्था सञ्चालन गर्न हुदैन ।

(२) यस अघि दर्ता नभई स्थापना गरिएका संस्थाले यो ऐन बमोजिम सम्बन्धित स्थानीय प्रशासनमा दर्ता भई संस्था सञ्चालन गर्नु पर्नेछ र गाउँपालिकामा अभिलेखीकरण गर्नु पर्नेछ ।

(३) अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यो ऐन बमोजिम गाउँपालिका क्षेत्रभित्र काम गर्न परेमा यो ऐन बमोजिम अभिलेखीकरण हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम अभिलेखीकरण हुदा संस्थाको विधान, दर्ता प्रमाणपत्र समेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभाव समेत खुलाई अभिलेखीकरण हुन आवेदन गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम अभिलेखीकरण हुन आवेदन गरेमा गाउँपालिकाले संस्थाको अभिलेख राख्नुपर्नेछ ।

(६) गाउँपालिकाले विभिन्न उदेश्यका लागि गठन गरी सञ्चालनमा रहेका संस्था, समूह, समितिहरुले समेत यस ऐन बमोजिम अभिलेखीकरण हुनु पर्नेछ ।

(७) यस ऐन बमोजिम अभिलेखीकरण गरिएको संस्थालाई वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ । यसरी नवीकरण गर्दा संस्थाको अघिल्लो आ.ब.को लेखा परीक्षण प्रतिवेदन र संस्थाको कार्य योजना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. संस्था अभिलेखीकरणः (१) संस्था स्थापना तथा अभिलेखीकरण गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था अभिलेखीकरण गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

(क) संस्थाको नाम,
(ख) उद्देश्य,
(ग) तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना र पेशा,
(घ) आर्थिक श्रोत,
(ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था अभिलेखीकरण गर्ने अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था अभिलेखीकरण गर्न उचित ठानेमा संस्था अभिलेखीकरण गरी प्रमाणपत्र दिनेछ ।

**२७. <u>नियम बनाउने अधिकार र बचाऊ</u>** : गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले
महेश राई
प्रमुख प्रशासकीय अधिकृत